गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ

# पदपूर्ती सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३/०५/११

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ अन्तर्गत स्वास्थ्य सेवा प्रवाहको लागि तपसिलका पदहरुमा गण्डकी प्रदेश "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम चालु आ.व. २०८३/०८४ को आषाढ मसान्तसम्मको लागि सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

तपशिल:

| क्र.सं. | विज्ञापन नं. | पद | तह | न्युनतम शैक्षिक योग्यता | निकाय | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | १/०८३-८४ | मेडिकल अधिकृत | आठौं | लोकसेवा आयोगले तोकेको न्युनतम योग्यता पुरा भई नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | जिल्ला स्थित तोकिएको निकाय | १ |
| २ | २/०८३-८४ | हे.अ./ स्टाफ नर्स | पाँचौं | लोकसेवा आयोगले तोकेको न्युनतम योग्यता पुरा भई सम्बन्धित काउन्सिलमा दर्ता भएको । | जिल्ला स्थित तोकिएको निकाय | २ |

**नोट:**

**१. दरखास्त फाराम:** यस कार्यालयको वेभसाईट **hobaglung.gandaki.gov.np** मा दिइएको फाराम डाउनलोड गरी भरेर दरखास्त फारामसँग संलग्न गर्नु पर्ने कागजातहरु सहित प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङमा दरखास्त पेश गर्नु पर्नेछ ।

**२. दरखास्त फारामसँग संलग्न गर्नु पर्ने कागजातहरु:**

क. उम्मेदवारको अध्यावधिक व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, एस. एल. सी. र सो भन्दा माथिका शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपिहरु, म्याद कायम रहेको/नवीकरण गरिएको सम्बन्धित काउन्सिलको दर्ता प्रमाण-पत्रको प्रतिलिपि, सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभव र तालिम सम्वन्धी प्रमाण पत्रको प्रतिलिपी ।

ख. दरखास्त साथ पेश गरेको प्रमाणपत्रको प्रतिलिपीमा दरखास्तवाला स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

ग. दरखास्त दिने अन्तिम दिन भित्र माथि २.क. मा उल्लेखित सम्पूर्ण कागजात एवं प्रमाणपत्र हासिल गरिसकेको हुनुपर्ने छ । साथै समकक्षता खुलाउनु पर्ने आवश्यक भएमा सो समेत खुल्ने कागजपत्र पेश गर्नुपर्नेछ । रित नपुगेको, म्याद नाघेको तथा शर्त सहितको आवेदन दर्ता गरिने छैन ।

**३. दरखास्त दस्तुर:** आठौं तहको लागि रु. १२००/- (एकहजार दुइसय) र पाचौं तहको लागि रु. ७००/- (सात सय) दस्तुर बुझाउनु पर्नेछ । (नोट: दरखास्त दस्तुर बुझाएको सक्कलै भौचर आवेदन फारामसाथ पेश गर्नु पर्नेछ ।)

क. कार्यालयको नाम: प्रदेश जनस्वास्थ्य कार्यालय

ख. कार्यालयको कोड नं.: ३७००१४५०२४

ग. राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क)

घ. बैंक खाता नं : ०२००००००१००१००००००१ (सम्वन्धित जिल्लाको सरकारी कारोवार गर्ने:- नेपाल बैंक लिमिटेड)

**४. दरखास्त दिने अन्तिम मिति:** २०८३/०५/२५ गते बिहिबार कार्यालय समयभित्र । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सम्म हुनेछ ।

**५. परीक्षाको किसिम:** अन्तरवार्ता (अन्तरवार्ता तालिका कार्यालयको वेभसाइटमा प्रकाशन गरिनेछ ।)

**६. तलव:** प्रचलित कानून बमोजिम सम्वन्धित तहको शुरु तलब स्केल मात्र उपलब्ध हुनेछ ।

**७. अवधि:** चालु आ.व. २०८३/०८४ को आषाढ मसान्तसम्म ।

**८. उम्मेदवार हुनको लागि योग्यता:**

क. नेपाली नागरिक हुनुपर्नेछ ।

ख. उमेरको हकमा ४५ बर्ष ननाघेको हुनुपर्नेछ ।

ग. भ्रष्टाचार तथा फौजदारी अभियोग सम्बन्धी मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ ।

घ. भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी वर्खास्त नभएको हुनुपर्नेछ ।

**९. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयका सूचना अधिकारीको सम्पर्क नम्बर ९८५७६२२०२५ तथा वेभसाइट hobaglung.gandaki.gov.np मा हेर्नु हुन अनुरोध छ।**

पदपर्ति, अन्तर्वार्ता तथा सिफारिस समिति